# देउमाई नगरपालिकाको आर्थिक ऐन २०७७

प्रस्तावक;- नगर सभा सदस्य दिलिप कुमार कार्की समर्थक;- नगर सभा सदस्य चन्द्र बहादुर मगर

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७-३-०८

नगर सभा बाट अनुमोदन मितिः २०७७-३-०९

देउमाई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक ;-

देउमाई नगरपालिकाको आर्थिक वर्ष २०७७-०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २८८ को उपधारा(२) बमोजिम देउमाई नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम आर्थिक ऐन २०७७ रहेको छ ।

(२) यो ऐन २०७७ श्रावण १ गते देखि देउमाई नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. सम्पत्ति कर - नगरपालिकाका क्षेत्रभित्र स्वीकृत दर बमोजिम एकिकृत सम्पत्ति कर घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. देउमाई नगरपालिका क्षेत्रभित्र स्वीकृत दर बमोजिम एकिकृत सम्पत्ति मुल्यांकन रहेको छ ।

४. बहाल कर - नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी साथै कुनै किसमका

सवारि साधन मेसिनरि औजार पुरै वा आशिंक तवरले वहालमा दिएकोमा स्विकृत दर बमोजिम बमोजिम वहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यवसाय कर - नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा स्वीकृत दर बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर - नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे वापत स्वीकृत दर बमोजिम  कर लगाइने र असूल उपर गरिने छ ।

७.सवारी साधन कर - नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा स्वीकृत दर बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन कर - नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा स्वीकृत दर बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर,प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन कर - नगरपालिका क्षेत्रभित्र हुन मनोरन्जन व्यवसाय सेवामा स्वीकृत दर बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटोरी शुल्क - नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका स्वीकृत दर बमोजिम मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही स्वीकृत दर बमोजिममा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्क - नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत स्वीकृत दर बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२.ट्रेकिङ्ग,कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग, जिपफलाय र र्याफ्टिङ शुल्क - नगरपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलाय र रयाफ्टिङ टिङ्ग प्यारा ग्लाईडिङ सेवा संचालन गरेवापत स्विकृत दर बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुर -नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्वीकृत दर बमोजिममा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोही स्वीकृत दर बमोजिममा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४.पर्यटन शुल्क -नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट स्वीकृत दर बमोजिम मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुनको स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. निकासि करको दर स्वीकृत दर बमोजिम हुने छ । उक्त करको एकमुस्ट ठेक्का आह्वान गरि कर संकलन गरिने छ। ठेक्का लाग्न नसकेमा कार्यापालिकाले तोके बमोजिम कमिसन दिएर कर संकलन गरिने छ।

१६. कर छुट - यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि - यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाकले तोके अनुसार हुने । साथै कर संकलनका क्रममा नया सृजना हुने शिर्षक, करका दायरा तथा दरमा नगरप्रमुखको आदेश अनुरुप निर्धारण गरि संकलन गरिने छ ।